नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९ पुस १ गते शुक्रबार)

यस मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ । **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि**, २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरूको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय :**

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू:**

(क) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,
(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,
(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
(घ) आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,
(ङ) व्यावसायिक योजना,
(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरूको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयहरूमा सिफारिस गरी पठाउनहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको **वेबसाइट : www.mowcsc.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

**नोट : ७५३ वटै स्थानीय तह र सातै प्रदेशको उल्लिखित मन्त्रालयले यसै सूचनालाई आधार मानी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि**, २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ ।

**स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मिति : २०७९ साल पुस १५ गते कार्यालय समयभित्र ।**

# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खरानीटार,नुवाकोट
स्था. २०७३

पत्र संख्या:- ०७९/०८०
च. नं :-

मिति: २०७९।०९।०६

**महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धमा प्रकाशित सूचना यसैसाथ संलग्न गरीएको छ। ईच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले मिति २०७९।०९।१५ गते भित्र मन्त्रालयको सूचनामा उल्लेख भए बमोजिमका आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना जारी गरिएको छ ।

०७९।०९।०६

प्रयाश भट्टराई
प्रमूख प्रशासकीय अधिकृत

प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

**दफा ६ सँग सम्बन्धित**

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुखज्यू

................. पालिका,

प्रदेश .................

महोदय,

म/मेरो उद्यमी समूहले ........... न.पा/गा.पा. अन्तर्गत रहेर स्थानीय स्रोत साधनको समुचित उपयोग गर्दै नाफा कमाउने उद्देश्यले उद्यम व्यवसाय सञ्चालनका लागि महिला उद्यमशीलता विकास, वित्तीय पहुँच र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ बमोजिमका कागजातहरु संलग्न गरी उद्यम व्यवसायको प्रभावकारी सञ्चालन र स्तरउन्नति गर्न टेवा पूँजी प्रविधि प्राप्त गरी पाँउन भनि यो निवेदन पेश गरेको छु/छौं । साथै प्रदेस मन्त्रालयमा सिफारिस गरी दिनु हुन अनुरोध गर्दछु /गर्दछौं ।

निवेदक:

नाम, थर:

सम्पर्क नं.

समूहको नाम:

समूह दर्ता नं:

दस्तखत:

ठेगाना:

प्रदेश........ जिल्ला........

गा.पा /न.पा.

वडा नं.